# कृष्णनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्याः २०८०/८१
चलानी नम्बर :

कृष्णनगर,-कपिलवस्तु
लुम्बिनी प्रदेश,नेपाल

फोन न. ०७६५२०१४७
फ्याक्स न.+९७७ ७६५२०६८४


## आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

### दोस्रो पटक प्रकाशित मिति:२०८०/०७/१५

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ घ (६) लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७७ यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदन अनुसार देहायको नदि खोलाहरुबाट बालुवा उत्खनन, संकलन तथा विक्री गरि कर दस्तुर रकम संकलन सम्बन्धी आ.व.२०८०/८१ को लागि ठेक्का द्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रकृया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरि देहायको मिति र समय भित्र बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कृष्णनगर नगरपालिकाको कार्यालय समय भित्र सम्पर्क राखन सकिनेछ।

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७९/८० का लागि कायम न्युनतम अंक(मू.अ.कर बाहेक) | संकलन,उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) घन मि. | बोलपत्र फारम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| KNMR BM-02 /80 /81 | कृष्णनगर नगरपालिका क्षेत्र भित्र पर्ने चरगहवा खोलाको हथियागढ नाका,ठकुरापुर नाका क्षेत्र (IEE)मा उल्लेखित क्षेत्रहरुबाट उत्खनन/संकन/बिकि शुल्क —शिलबन्दी बोलपत्र | १,९५,६४७/७६ | ६९३ | रु.१०००/- | मू.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

ठेक्का सम्बन्धि शर्तहरु :

१.माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम PPMO को वेब साइट www.http://bolptra.gov.np बाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरि) नेपाल बैंक लिमिटेडमा रहेको खाता नं.०१४०३००००१००१००००१ मा तिरी खरिद गर्न सकिने छ खरिद गरि भरेर www.http://bolptra.gov.np मार्फत पेश गर्नु पर्नेछ।

२.ठेक्का अवधि २०८१ जेष्ठ मसान्त सम्म रहनेछ। तर ठेक्कामा माल सामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइने छैन। प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामग्री विक्री तथा निकासी गर्न सकिनेछ। उत्खनन/संकलन गर्दा व्यक्तिगत जग्गामा क्षति पुर्याउन पाइने छैन साथै निर्माणधिन पुलको ५०० मि.क्षेत्र बाहिरबाट मात्र उत्खनन/संकलन गर्नु पर्नेछ।

३.धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक कृष्णनगर स्थित बैंक खाता नं. ०१४०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ। धरौटी बापत जम्मा गरको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

४.उपरोक्त ठेक्काको लागि कुनै प्रकारको छुट दिइनेछैन।

५.ठेक्का कबोल अंकको रकम ठेकेदारले एक मुष्ट बैंक दाखिला गरि सोको सक्कलै भौचर कार्यालयमा बुझाउनु पर्ने छ। एकमुष्ट रुपमा नगदै दाखिला नगरेमा कबोल अंकको ५० प्रतिशत रकम अनिवार्य बैंक दाखिला गरि बाँकि ५० प्रतिशत यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको नेपाल बैंकबाट बैंक जमानत (बिडबन्ड) जम्मा गरेको सक्कल पत्र पेश गर्नु पर्ने छ।

६.कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७.बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कार्यवाही हुनेछैन।

८.बोलपत्र भर्दा अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेख रकमलाइ मान्यता दिइनेछ।साथै बोलपत्रदाताले बोलपत्रमा मुल्य अभिवृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नु पर्नेछ।

९.ठेक्कामा कुनै विवाद भएमा कृष्णनगर नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

१०.उपरोक्त ठेक्काको लागि सूचन प्रकाशित भएको मितिले बोलपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरि १६ औं अर्थात मिति २०८०|०७|३० मध्यान्ह १२:०० वजे भित्र www.http://bolptra.gov.np मार्फत बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोहि दिन दिनको १:०० बजे कृष्णनगर नगरपालिकाको कार्यालयमा खोलिनेछ।

११.बोलपत्र फारम खरिद गर्न,दाखिल गर्न,खोल्ने दिन सार्बजनिक बिदा परेमा क्रमशः सोको भोलिपल्ट सोहि समयमा खरिद ,दर्ता तथा खोल्ने कार्य गरिनेछ।

"कृष्णनगर नगरपालिकाको प्रतिवद्धता ,सुशासन,स्वास्थ्य,समृद्ध र खुशी जनता"


वेभसाइट:www.krishnanagarmun.gov.np इमेल:munkrishnanagar@gmail.com


प्रमुख प्रशासकीय अधिकृत


Scanned with CamScanner

# कृष्णनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्याः २०८०/८१
चलानी नम्बर :

कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

फोन न. ०७६५२०१४७
फ्याक्स न.+९७७ ७६५२०६८४

१२.कर/शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ। नगदी रसिद ठेकेदारले आफनै तर्फबाट छपाइ यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ। निर्माण सामग्रीहरुको उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्ने छ ।

१३.नगरपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर/शुल्क असुल गर्नुपर्नेछ । सवारी आवागमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन।

१४.खोलाबाट सामग्री उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका अस्त अगावै गरिसक्नु पर्नेछ।साथै मापदण्ड विपरित कुनै पनि प्रकारले संकलन तथा उत्खनन गर्न पाइने छैन ।

१५.ठेकेदारले मासिक रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकरी नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१६.खोलाबाट संकलन सामग्री नगरपालिकाले तोकिदिएको स्थानमा घाटगद्दी गर्नुपर्ने छ। घाटगद्दी गरिएको सामग्रीको परिमाण नगरपालिकाको अनुगमन समितिबाट यकिन गरि बिक्री गर्नुपर्नेछ ।

१७.यस सुचनामा उल्लेख भएका शर्तहरु अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्वन्धि अन्य शर्तहरुमा प्रत्येक बुंदाहरु यसै सूचनाका शर्तहरु सरह लागु हुनेछ।

१८.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन ।

१९.अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner